# <u>निति तथा कार्यक्रम</u>

१. "शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत, पूर्वाधार र पर्यटन : सामाजिक समानता र सेवा प्रवाहमा नवप्रवर्तन" भन्ने सोच लिइनेछ ।

२. कृषिमा आधुनिकीकरण, गुणस्तरीय शिक्षा र स्वास्थ्य, जलस्रोतमा अधिकार, भौतिक पूर्वाधारको दिगोपना र पर्यटन क्षेत्रको विकास मार्फत जुगलको पहिचान एवं गौरव बढाउँदै सम्पूर्ण जुगल बासीहरुमा सुशासनको प्रत्याभूति दिलाउने लक्ष्य राखिनेछ ।

३. **नीति तथा कार्यक्रम तर्जुमामा अवलम्बन गरिएका आधारहरु देहाय अनुसार रहेका छन् :**

- नेपालको संविधान
- प्रदेश कानुन
- गाउँपालिकाबाट निर्मित कानूनहरु
- जुगल गाउँपालकाको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- दिगो विकासका लक्ष्यहरु (SDG)
- राष्ट्रिय आवधिक योजना
- संघीय सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु
- स्थानीय सरकार संचालन ऐन २०७४ का प्रावधानहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थान, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास, उत्थानशिल विकास
- बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८,
- जुगल गाउँपालिकाका प्राथमिकतामा परेका कार्यक्रमहरु तथा आवश्यक देखेका अन्य विषयहरु,
- सरोकारवालाहरुसंगको अन्तरक्रियाबाट प्राप्त राय सुझावहरु ।

४. **आ.व. २०८१।०८२ को लागि गाउँपालिकाको नीतिगत प्राथमिकताहरु निम्न अनुसार रहेका छन् :**

- कृषि, शिक्षा, स्वास्थ्य, जलस्रोत, पूर्वाधार र पर्यटन क्षेत्रमा जोड दिइनेछ ।
- जुगलवासीहरुको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने खालको जीविकोपार्जन र आयआर्जनमा जोड दिइनेछ ।

- अन्तरसरकार, संघसंस्था, निजी क्षेत्र, सहकारी र आम उपभोक्ताहरुसँगको समन्वय, सहकार्य र साझेदारीमा जोड दिइनेछ ।
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग गरिनेछ ।
- संस्थागत विकास तथा स्वच्छ पारदर्शी र जनमैत्री सार्वजनिक सेवामा जोड दिइनेछ ।
- सामाजिक तथा सांस्कृतिक रुपान्तरण र धार्मिक सद्भाव लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा जोड दिइनेछ ।
- राजश्वका नयाँ स्रोतहरुको पहिचानद्वारा राजश्व वृद्धिमा जोड दिइनेछ ।
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा जोड दिइनेछ ।
- दिगो शान्ति, सुशासन, विकास र समृद्धिमा जोड दिइनेछ ।
-

५. **आ.व. २०८१।०८२ को लागि गाउँपालिकाको नीतिहरु निम्न अनुसार रहेका छन् :**

## १.आर्थिक विकास तर्फः

### क) कृषि तथा पशुपंक्षी विकासः

१. आधुनिक कृषि तथा पशुपालन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
२. कृषि तथा पशुपालन बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
३. कृषि तथा पशुपालनको आवश्यक पूर्वाधारहरु निर्माण गरिनेछ।
४. कृषक/समूह/फर्मसँगको साझेदारीमा गरिने व्यवसायिक कृषि तथा पशुपालन कार्यलाई प्रोत्साहन गरिनेछ।
५. खुर्सानी, प्याज, लसुन, आलु, भटमास जस्ता नगदेबालीको पकेट क्षेत्र पहिचान गरी खेती गर्न प्रोत्साहन गरिनेछ।
६. कृषि तथा पशु सेवा सम्बन्धी प्राविधिक कर्मचारीहरुलाई फिल्डमा गई निरन्तर किसानसँग र किसानकै वरिपरि हुने गरी खटाइनेछ।
७. ओखर, टिमुर, किवी, ड्रागन फ्रुट, केरा जस्ता फलफुल खेतीलाई प्रोत्साहन गरिनेछ।
८. उत्पादन संकलन र बजारीकरणलाई व्यवस्थित गर्न कृषि उपज संकलन केन्द्रलाई सञ्चालनमा ल्याइनेछ।
९. चौरीपालन व्यवसायको चरन तथा खर्क सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१०. पशुपंक्षी स्वास्थ्य उपचारलाई व्यवस्थित बनाउन भेटेरीनरीको व्यवस्था गरिनेछ।
११. **'किनि खाने होइन बेची खाने गाउँपालिका'** बनाउन जोड दिइनेछ।
१२. माटो परीक्षण एवं कृषि सर्वेक्षण गरी सम्भावित उत्पादनलाई जोड दिइनेछ।

१३. प्रत्येक वडामा कृषि तथा पशुपालन क्षेत्रमा भएका लगानीको अभिलेख राख्दै लाभ लागत विश्लेषण गरिनेछ।

१४. खाद्यान्न र तरकारिको उन्नत बिउको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१५. कृषि क्षेत्रलाई ब्यावसायिकता प्रदान गर्न ब्यासायिक किसान तथा समुहहरुलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउन बैंक तथा बित्तिय संस्थाहरुसँग समन्वय गराइनेछ।

१६. कृषि समुह तथा कृषि सहकारी मार्फत कृषिजन्य वस्तुहरु उत्पादन र उत्पादकत्व बृद्धि गरि लक्षित वर्गको  आय आर्जन अभिबृद्धिमा जोड दिइनेछ ।

१७. सवै वडामा बालि उपचार शिबिर कार्यक्रम ल्याइनेछ।

१८. विद्यालयसँगको समन्वयमा कृषि उत्पादन साझेदारि कार्यक्रम ल्याइनेछ ।

१९. स्थानीय/रैथाने बालि उत्पादनमा प्रोत्साहन गरिनेछ ।

२०. पशुनश्ल सुधार गरि उत्पादकत्व बढाउन उन्नत जातको विउको (बोका,बहर,राँगो ) प्राथमिक्तामा राखिनेछ ।

२१. पशु स्वास्थ्य सेवा सबै किसानहरुको पहुँचमा ल्याउन शिविर संचालन गरिनेछ ।

२२. मासु उत्पादनमा प्रोसाहन गर्नको लागि भेडा, बाख्रा, कुखुरा बँदेल तथा रागाँ पालनमा विशेस प्रोत्साहन गरिनेछ ।

**ख)पर्यटनः**

१. **"ग्रीन जुगल, क्लीन जुगल"** कार्यक्रमलाई अगाडी बढाइ जुगल हिमाल क्षेत्रको सरसफाइ र फोहोर व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

२. जुगल क्षेत्रलाई विश्वव्यापी प्रचार गरी अत्यावश्यक पूर्वाधारहरूको विकास, सुरक्षा प्रबन्धमा जोड दिइनेछ साथै आरोहणका लागी नखुलेको नयाँ हिमालहरुको अध्ययन गरि खुल्ला गरिनेमा जोड दिने र नयाँ पदमार्गहरुको अध्ययन गरिनेछ ।

३. सम्बन्धित निकायहरूको समन्वयमा हिमाल आरोही तथा पदयात्री पर्यटकको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था गरिनेछ ।

४. हिमाल आरोहण तथा र ट्रेकिङमा जाने भरिया अर्थात् सहयोगीहरुको लागी खाना र बस्नका लागि ब्यबस्थित **'पोर्टर हाउस'** को निर्माण गरिनेछ साथै ट्रीप सन्चालन कम्पनीले भरियाहरुलाई दिनुपर्ने सुबिधाहरुमा बिशेष निगरानी गरिनेछ ।

५. सार्वजनिक, सम्बन्धित निकाय र निजी क्षेत्रको लागत साझेदारीमा संयुक्त प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने।

६. जुगल नेपेमाछाल क्षेत्रलाई प्रकृति र अध्यात्मिक सम्मिश्रणलाई आधार बनाई विश्व पर्यटन बजारमा **"सबैका लागि सधैंका लागि"** आकर्षक गन्तव्यका रूपमा जुगलको ब्राण्डिङ गरिनेछ ।

७. पर्यटकीय क्षेत्रको जानकारी तथा पर्यटकको आगमन कस्तो रहेको छ, कुन कुन स्थानबाट पर्यटक आउने गरेका छन् आदि सबै जानकारीका लागी सूचना केन्द्रको स्थापन गराइ यस क्षेत्रमा आउने पर्यटकको तथ्याङ्क राखिनेछ साथै पर्यटन क्षेत्रहरूमा सूचना बोर्डहरु राखिनेछ ।

८. हिमाल आरोहण बाहेक अन्य साहसिक खेल पर्यटनका लागि स्कि, रक क्लाइम्बिङ लगायत अन्य खेलहरु संचालनका लागि विषय विज्ञहरुबाट पर्याप्त अध्ययन गराइनेछ।

९. पर्यटन क्षेत्रको विकासका लागि उच्चस्तरको गुणस्तर भएका दक्ष जनशक्तिको उत्पादन आवश्यक रहेकोले दक्ष र गुणस्तरीय जनशक्ति उत्पादनका लागी विभिन्न तालीमहरु संचालन गरिनेछ।

१०. धार्मिक, मौलिक साँस्कृतिक कला संस्कृतिको संरक्षण, विकास, होमस्टे व्यवस्थापनमा विशेष कदम चालिनेछ।साथै पर्यटकहरुको सहजताका लागि विभिन्न ठाउँमा चेकपोइन्टको व्यवस्थापन गरिनेछ।

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय विज्ञ र सम्बन्धित निकायका प्रतिनिधिहरुको सहभागितामा कार्यशाला गोष्ठीहरू संचालन गरि **"जुगल पर्यटन ऐन"** को निर्माण गरिनेछ।

१२. राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रहरुमा हुने पर्यटन सम्बन्धि कार्यक्रम तथा महोत्सवहरुमा प्रचारका लागि आवस्यक सामग्रीहरुको निर्माण गराइ जुगल क्षेत्रको व्यापक प्रचारप्रसारका लागी सक्रिय सहभागि हुनेछ।

१३. जुगल क्षेत्रको बिकासका लागि बृहत **"जुगल पर्यटन गुरुयोजना"** निर्माण गरिनेछ साथै पर्यटन प्राविधिक बिधालय निर्माणका लागि अध्ययन अनुसन्धान गराइ योजनाको थालनी समेत गरिनेछ ।

**ग) सहकारी**

१. सहकारीलाई कानून सम्मत सञ्चालन हुने व्यवस्था मिलाउन नियमनको कार्यलाई प्राथमिकतामा राखिनेछ।

२. सहकारीसँग साझेदारी र सहकारीमार्फत सहुलियत कर्जा प्रवाह कार्यक्रम ल्याइनेछ।

३. किसान र सहकारीलाई अन्तरसम्बन्धित बनाइनेछ।

४. उत्कृष्ट सहकारी छनौट गरी पुरस्कृत गरिनेछ।

**घ) श्रम तथा रोजगार तर्फः**

१."स्थानीय सरकार, रोजगारीको आधार "भन्ने नारालाई आत्मसाथ गर्दै वडास्तरीय, स्तरीय योजनाहरु गाउँपालिकामा सूचिकृत बेरोजगारहरुलाई मात्र लगाउने नीति तयार गरेर कार्यान्वयन गरिनेछ।

२.गाउँपालिका भित्र संचालन गरिने हरेक आयोजनाहरु टेन्डर), ठेक्का मार्फत् संचालन ( गरिने आयोजनाहरुमा पनिनिश्चित प्रतिशत बेरोजगारहरुलाई काममा लगाउनु पर्ने गरि सम्झौता गर्न सके आन्तरिक रोजगारी सृजना गरिनेछ।

३. "आफ्नै पौरख, आफ्नै गौरव" भन्ने नाराका साथ एक वडा एक नमुना रोजगार कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्राप्त बजेटसँग साझेदारीका लागि गत आ.व.हरुमा झै आ.व.२०८१/०८२ मा पनि बजेट साझेदारीलाई निरन्तरता दिइनेछ ।

५. बैदेशिक रोजगारीमा जानेहरुका लागि सुरक्षित बैदेशिक रोजगारी सम्वन्धी विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी बैदेशिक रोजगारीमा हुनसक्ने समस्या समाधान गरिनेछ ।

६. जुगल श्रम बैङ्क र जुगल श्रम ऐन कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।

**ङ) उद्यम विकास तर्फः**

१. लघु उद्यमीको माग अनुसार तालिम र उपयुक्त प्रविधि उपलब्ध गराइनेछ।

२. उद्यमीहरुको आवश्यकता पहिचानको आधारमा स्तरोन्नतीको सहजिकरण गरिनेछ।

३. उत्पादित बस्तुको बजारीकरण व्यवस्थापन तथा उद्यमी र व्यापारीबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

४. MEDPA मोडल अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

## २. सुशासन तथा संस्थागत विकास तर्फः

### क) सार्वजनिक सेवा प्रवाहः

१. सेवा प्रवाहको मापदण्ड (SOP) तथा नागरीक वडापत्र सम्बन्धमा नागरीकहरुलाई अभिमुखिकरण गरिनेछ ।

२. सेवा प्रवाहको सम्बन्धमा सेवाग्राहीहरुबाट उठाइएका गुनासोहरुलाई तत्काल सम्बोधन हुने व्यवस्था मिलाइनेछ ।

३. कर्मचारीहरुको सुरक्षा एवं मनोबल बढाउने तथा सहज वातावरणमा कार्य गर्ने वातावरण मिलाइनेछ ।

४. वडा कार्यालयबाट प्रवाह हुने सेवालाई सुदृढीकरण गरिनेछ ।

५. सेवा प्रवाहलाई छिटो, छरितो, मितव्ययी र पारदर्शी बनाउदै ई-सिफारीस प्रणालीको प्रयोगलाई प्रभावकारी बनाइने छ ।
६. सहायता कक्ष (Help desk) एवं प्रतिक्षालय कक्ष (Waiting room)लाई प्रभावकारी बनाइनेछ ।
७. गाउँपालिकाको सांगठनिक संरचना, दरबन्दी तेरीज र कार्यविवरणलाई प्रयोगमा ल्याइनेछ ।
८. गाउँपालिकाको आन्तरिक व्यवस्थापनलाई मजबुत बनाइनेछ ।
९. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासलाई सुदृढीकरण गरीनेछ ।

**ख) राजश्व परिचालन तर्फः**

१. जुगलवासीहरुमा कर तिर्दा सरकारलाई गाली होइन गर्व महसुस हुने मानसिकताको विकास गरिनेछ ।
२. निर्माणाधिन हाइड्रोपावरहरुलाई गाउँपालिकाको भौगोलिक क्षेत्रभित्रका स्थानीय स्रोतसाधन प्रयोग गरेबापत करको दायरामा ल्याइनेछ ।
३. व्यवसाय दर्ता भएका व्यवसायहरुलाई अनिवार्य नविकरण गराउने प्रवन्ध मिलाइनेछ ।
४. कर संकलनको लागि घुम्ति शिविर सञ्चालन गरिनेछ ।
५. गाउँपालिकाको राजश्वको प्रमुख स्रोतको रुपमा रहेको स्लेट/फुटे ढुङ्गा तथा नदीजन्य पदार्थको उत्खनन संकलन र निकासीलाई व्यवस्थित बनाइनेछ ।

**ग) सूचना प्रविधि तथा सञ्चार तर्फः**

१. गाउँपालिकाबाट प्रवाह हुने सूचनालाई सबै नागरीकको पहुँचसम्म पुऱ्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।
२. बस्ती बस्तीमा इन्टरनेट सेवा पुऱ्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।
३. सबै सामुदायिक बिद्यालय वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा ई -हाजिरी प्रणाली अनिवार्य लागू गरिनेछ ।
४. ढाँडे तथा कात्तिके जस्तो पालिकाको मुख्य बजार क्षेत्रमा सि. सि. क्यामेरा तथा सोलार बत्ती जडानको कार्यलाई प्राथमिकता दिइनेछ ।
५. Digital Jugal निर्माणको कार्यलाई थप सुदृढ बनाइनेछ ।
६. गाउँपालिकाको सञ्चार तथा अभिलेखलाई प्रविधिमैत्री बनाइनेछ ।
७. AI मार्फत सेवा लिने र दिने व्यवस्थालाई प्राथमिकता दिइनेछ ।
८. गाउँपालिकाको आफ्नै डिजिटल प्रोफाइल निर्माण गरी विवरणहरु अद्यावधिक गर्दै लगिनेछ।

**घ) अन्तरसरकारी तथा संघ संस्था समन्वय एवं साझेदारी तर्फ**

१. संघ तथा प्रदेश सरकारसँग निरन्तर समन्वय र सहकार्य गर्दै अगाडि बढिनेछ ।

२. अन्तरपालिका समन्वय सहकार्य एवं साझेदारी कार्यक्रमलाई जोड दिइनेछ ।

३. जुगलको विकास र समृद्धिको लागि हातेमालो गर्न चाहने संघ संस्था तथा निजी कम्पनीहरुसँग आवश्यक समन्वय सहकार्य सहयोग र सहलगानी गरिनेछ ।

## ३. सामाजिक विकास तर्फः

**क) शिक्षा, युवा तथा खेलकुद तर्फः**

१. सबै सामुदायिक विद्यालबाट प्रदान हुने शिक्षालाई निशुल्क, अनिवार्य तथा गुणस्तरीय बनाइनेछ ।

२. जुगल गाउँपालिका भित्रका विद्यालयहरुलाई तथ्याङ्क, विवरण, सूचना आदि व्यवस्थापनका लागि एक विद्यालय एक कम्प्युटर तथा प्रिन्टर वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. जुगल गाउँपालिका भित्रका तेम्बाथान लिदी तिलुम्राङ र क्याङसिङमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई मासिक रुपमा प्रोत्साहन भत्ता उपलब्ध गराई पेशाप्रति उत्साहित बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

४. स्थानीय पाठ्यपुस्तकको पठनपाठनलाई प्रभावकारी बनाइनेछ ।

५. आवश्यकताको आधारमा विद्यालयहरुमा भवन, शौचालय, फर्निचर, घेराबार आदिको व्यवस्था गरी सुरक्षित बसाइ व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिइनेछ ।

६. विद्यालयहरुमा न्यूनतम सरसफाइका आधारभूत सामग्रीहरु तथा किशोरीहरुका लागि सेनिटरी प्याड र त्यसको डिस्पोजल हुने व्यवस्था गरी सरसफाइ र स्वस्थ रहन प्रेरित गरिनेछ ।

७. विद्यालय अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नियमित र प्रभावकारी बनाइनेछ ।

८. कक्षा ५ र ८ को परीक्षालाई पालिका स्तरमा सुव्यवस्थित तरिकाले संचालन गरी परीक्षा नतिजामूलक बनाइनेछ ।

९. विद्यालयमा अध्ययनरत अति विपन्न विद्यार्थीहरुका लागि विशेष व्यवस्था मिलाइनेछ ।

१०. शिक्षक सरुवा प्रणालीलाई वैज्ञानिक, व्यवस्थित र पारदर्शी बनाइनेछ ।

११. जुगल गाउँपलिका भित्रका अभिभावक गुमाएका बालबालिकाहरु, अभिभावकसँग चौरी गोठमा बस्ने बालबालिकाहरु, सबैलाई आवासिय छात्रवृत्तिको व्यवस्था गरी शैक्षिक पहुँचको सुनिश्चितता गरिनेछ ।

१२. Office व्यवस्थापन नभएका आधारभूत तह (बालविकास—८) सम्मका विद्यालयमा Office

व्यवस्थापनको प्रबन्ध मिलाइनेछ ।

१३. विद्यार्थीहरुको बहु प्रतिभा पहिचान गर्न वडा स्तरीय तथा पालिका स्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. विद्यालय स्तरमा विभिन्न तहबिच अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि विद्यालयमा अनुदान उपलब्ध गराइनेछ ।

१५. वेरोजगार युवायुवती तथा अस्थायी करार शिक्षकहरुका लागि शिक्षक सेवा तथा लोक सेवा तयारी कक्षा संचालन गरिनेछ ।

१६. वेरोजगार युवा लक्षित सीपमुलक मोबाइल, घडी तथा बाइक मर्मत कार्यक्रम संचालन गरिनेछ ।

१७. जुगल भलिबल कप, जुगल रनिङ शिल्ड, राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुदलाई निरन्तरता दिइनेछ ।

१८. तेम्बाथानमा चौरी गोठ बालबालिकाहरुका लागि शैक्षिक पहुँचका लागि विद्यालय नजिकै आवासीय शिक्षाको व्यवस्था गरिनेछ ।

१९. रत्नराज्य माविमा आवासीय कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

२०. शिक्षकको क्षमता अभिवृद्धिका लागि सिकाइमूलक तथा नतिजामूलक अध्ययन भ्रमण गरिनेछ ।

२१. श्री नवज्योती आ.वि. कात्तिकेमा शिक्षक व्यवस्थापन तथा विद्यालय संचालनको लागि आवश्यक व्यवस्था गरीने कार्यलाई निरन्तरता दिइनेछ ।

२२. बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई थप तलब भत्ता व्यवस्था गरिनेछ ।

२३. बालविकास कोटा सिर्जना गरी प्रारम्भिक बालविकासका बालबालिकाको सिकाइ क्षमता बृद्धि गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२४. अध्यक्ष शैक्षिक कोषबाट आर्थिक अवस्था कमजोर तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षासम्मको पहुँच सुनिश्चित गर्नका लागि आवश्यक छात्रवृत्ति प्रदान गरिनेछ।

२५. शिक्षक दरबन्दी कम भएका आधारभूत तह(६—८) र माध्यमिक तहका लागि शिक्षण स्वयंसेवक कोटा वितरण गरी शिक्षण सिकाइको गुणस्तर अभिबृद्धि गरिनेछ।

२६. शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आधारभूत तह र माध्यमिक तहका शिक्षकहरुलाई विषयगत तालिमको व्यवस्था गरिनेछ ।

२७. मौजुदा शिक्षक दरबन्दी, बिद्यार्थी संख्या र बिद्यालय नक्सांकनको आधारमा संघीय शिक्षा ऐन नियमावली र अन्तिम दरबन्दी मिलान नगरुन्जेल सम्मको लागि विद्यार्थी संख्याको आधारमा बढी शिक्षक संख्या देखिएको विद्यालयबाट आवश्यकता भएको विद्यालयमा

तत्काल कामकाज गर्ने गरी खटाउने व्यवस्था गरिनेछ र विद्यालयको कक्षा घटाइनेछ ।

२८. शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धि बृद्धिका लागि शैक्षिक क्यालेण्डर, शिक्षक डायरी तथा दीर्घकालीन सोचका साथ गाउँ शिक्षा योजना निर्माण गरिनेछ ।

२९. विद्यालयमा दिवा खाजा कार्यक्रमलाई ७ कक्षासम्म पुर्याइनेछ तथा दिवा खाजालाई व्यवस्थित बनाउन दिवा खाजा SMS प्रणाली लागु गरिनेछ ।

३०. प्राविधिक धारमा अध्ययन गरेका तथा सीपमूलक ज्ञान प्राप्त जनशक्तीलाई गाउँपालिका भित्रै रोजगारी सिर्जना हुने व्यवस्था मिलाइनेछ ।

३१. इसिडि कक्षा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

३२. खेलकुद प्रवर्द्धन तथा विकासका लागि एक खेलकुद शिक्षकको व्यवस्था गरिनेछ ।

३३. खेलकुद पूर्वाधार निर्माण एवं खेलकुद सामग्री वितरणमा जोड दिइनेछ ।

३४. शैक्षिक विकासमा शिक्षक संघ संगठन तथा महासंघको भूमिकालाई जोड दिइनेछ ।

३५. विद्यार्थीहरुलाई स्थलगत अध्ययन अवलोकन भ्रमण गराउने कार्यलाई प्रोत्साहन गरिनेछ।

३६. शिक्षकहरुको स्वमूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था मिलाई सोही आधारमा दण्ड र पुरस्कारको नीति लिइनेछ ।

३७. विद्यार्थीहरुको लागि लक्षित गरी आधारभूत, प्राविधिक तथा व्यवसायिक तालिमको व्यवस्था मिलाइनेछ ।

३८. अभिभावक शिक्षालाई प्रभावकारी तरिकाले गाउँ गाउँमा अभियानको रुपमा सञ्चालन गरिनेछ ।

३९. सबै विद्यालयहरुमा हप्ताको एक दिन अनिवार्य रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन हुने वातावरण मिलाइनेछ ।

४०. शिक्षकहरुमा संचार सीप विकास कार्यक्रम ल्याइनेछ ।

४१. विद्यालयको मर्मत संभार कार्यलाई प्राथमिकता दिइनेछ ।

**ख) स्वास्थ्य तर्फ:**

१. पाङताङ स्वास्थ्य चौकी र बराम्ची स्वास्थ्य चौकीलाई प्रसुति सेवा सहितको स्वास्थ्य चौकीको रुपमा सञ्चालनमा ल्याइनेछ ।

२. संचालनमा आइरहेका तथा निर्माण कार्य सम्पन्न भइसकेका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु, स्वास्थ्य चौकीहरु र सामुदायिक स्वास्थ्य इकाईहरुमा स्वास्थ्य कर्मीहरुको पूर्ण पदपुर्ती गरिनेछ ।

३. उपचारात्मकमा मात्र नभई प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवालाई समेत

प्राथमिकता दिइएका खोपसँग सरसफाई कार्यक्रमलाई जोड्ने, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम, जनस्वास्थ्य शिविर सञ्चालन तथा बहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप जोड दिइनेछ ।

४. गोल्चे स्वास्थ्य चौकीबाट पोषण बहिरंग उपचारात्मक केन्द्र शुरुवात गरिनेछ ।

५. गर्भवती महिलाहरुले नियमित गर्भ जाँच गराए बापत पाउने १ क्रेट अण्डा तथा स्वास्थ्य संस्थामा सुत्केरी गराए बापत पाउने १ माना घिउ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. खोप र गाँउघर क्लिनिकमा आवश्यक कार्यालय सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

७. खोपको सुक्ष्म योजना कार्यलाई निरन्तरता दिदै पुर्णखोपको सुनिश्चितता गरिनेछ ।

८. महिला स्वास्थ्य स्वयंसेविकाहरुको लागि मासिक रु३ .,०००। —(रुपैया तीन हजार रुपैया मात्र) का दरले दिइने यातायात खर्चलाई निरन्तरता दिइनेछ ।

९. स्वास्थ्यकर्मीहरुद्वारा संचालन गरिने विद्यालय शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१०. स्वास्थ्य संस्थाको तथ्याङ्कीय प्रणालीलाई सुधार गरिनेछ ।

११. स्वास्थ्य संस्थाहरुमा नियमित औषधि तथा सर्जिकल सामाग्रीको अभाव हुन दिइनेछैन ।

१२. आयातित स्वास्थ्यलाई नकरात्मक असर गर्ने खाले खानालाई विस्थापित गर्न स्थानीय पोषणयुक्त खानालाई प्रवर्द्धन गर्न स्वास्थ्य शिक्षा दिइनेछ ।

१३. सुत्केरी पश्चातको जाँचलाई घरमा नै स्वास्थ्यकर्मी पुगी स्वास्थ्य सेवा उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. गर्भवती महिलाका लागि निः शुल्क एम्बुलेन्स सेवा लाई निरन्तरता (एकतर्फी) दिइनेछ।

१५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु र स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिवृद्धि तालिमलाई निरन्तरता दिइनेछ ।

१६. ६० वर्ष उमेर पुरा भएका र १० वर्ष सेवा अवधि भएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई गरिनेछ ।

१७. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीको औषधी उपचार खर्चलाई निरन्तरता दिइनेछ ।

**ग) पोषण तर्फः**

१. नेपाल सरकारबाट वितरण हुने बाल पोषण अनुदानको प्रभावकारी उपयोगका सम्बन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

२. स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयहरुमा पोषण कर्नरको स्थापना, स्तनपान कक्ष सन्देशमुलक होडिङबोर्डको व्यवस्थापन गरिनेछ ।
३. बहुक्षेत्रीय पोषण सुधारका लागि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
४. कुपोषणमा परेका बालबालिकाको पहिचान गरि उचित व्यवस्थापन गरिनेछ
५. सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारकालागि "हरेकबार खाना चार" को बारेमा व्यवहार परिवर्तन गर्न पोषण नाङ्लो प्रदर्शन कायकम सञ्चालन गरिनेछ ।
६. पोषण मैत्री गाउँपालिका घोषणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
७. सुनौला हजार दिनका आमाहरुलाइ हरियो तरकारी खानका लागि उन्नत जातका विउविजनहरु वितरण गरिनेछ।
८. बहुक्षेत्रीय पोषण सुधारका लागि "एकघर एक करेसाबारी" कार्यक्रम ल्याइनेछ ।
९. घरायसीस्तरमा सुरक्षित खानेपानीका साथै खानेपानी शुद्धिकरण विधिको बारेमा जनचेतना अभिवृद्धि गरिनेछ ।
१०.विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि विद्यालयमा करेसाबारी स्थापना, सन्तुलित खाजा सम्बन्धी प्रयोगात्मक अभ्यास र सचेतना तथा स्थानीय तहमा उत्पादन तथा उपलब्ध हुने पोषिलो खानेकुराहरुको बारेमा सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
११.सुनौलो हजार दिनका महिला तथा घर परिवारलाइ लक्षित गरी आयआर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।
१२.गर्भवती तथा सुत्केरी भत्तालाई पोषण केन्द्रित बनाउने अभियान संचालन गरिनेछ ।

**घ) ग्रामीण आँखा केन्द्रः**

१. समुदायमा निःशुल्क आँखा शिविर तथा मोतिविन्दुको शल्यक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
२. विद्यालयमा आँखा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।
३. महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा विद्यालय शिक्षकहरुलाई आँखासम्बन्धी तालिम सञ्चालन गरिनेछ।
४. आँखा स्वास्थ्य सम्बन्धी जनचेतनामुलक कार्यक्रम तथा प्रचारप्रसारमुलक कार्यक्रम गरिनेछ।

**ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

१. जुगल सरकारलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ संवेदनशिल र जवाफदेही बनाउन GESI Audit गरिनेछ ।

२. जेष्ठ नागरिकहरूको अनुभव, सीप र क्षमताको सम्मानमा विभिन्न कार्यक्रमहरू आयोजना गरिनेछ ।
३. वडा तथा पालिका स्तरीय आमा समुह तथा महिला सहकारीमार्फत महिला अधिकार, महिला हिंसा, यौन शोषण, यौन हिंसा जस्ता विषयहरूको समुचित सम्बोधन हुनेगरी विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
४. गाउँपालिका भित्र बसोबासमा रहेका महिला, आदिवासी जनजाती, दलित, ज्येष्ठ नागरिक, अल्पसंख्यक, अपाङ्गता, किशोरकीशोरी आदि जस्ता लक्षित वर्गको मागलाई सम्बोधन गर्नको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
५. गाउँपालिका भित्र रहेका सामाजिक विभेद,लैंगिक हिंसा, बहुविवाह, घरेलु हिंसा, बाल विवाह, जस्ता घटनाहरुलाई निरुत्साहित गर्नको लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. "उपाध्यक्षसँग महिला उद्यमी कार्यक्रम" मार्फत विपन्न तथा बेरोजगार महिलाहरुलाई स्वरोजगार तथा उद्यमी बनाउने उद्देश्यले विभिन्न सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
७. बुहारीलाई उत्प्रेरित गराउनको लागि कक्षा ८ उत्तीर्ण गरेका अति विपन्न लक्षित गरी बुहारीलाई बुहारी शिक्षा ल्याइनेछ।
८. सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरुको लागि निःशुल्क तयारी कक्षा सञ्चालन गरिनेछ । साथै महिलाहरुको विदेश पलायन रोक्नको लागी महिला लक्षित विभिन्न सीप विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
९. जुगल बाल संरक्षण कोषलाई व्यवस्थित बनाइनेछ ।
१०. किशोरीहरुलाई महिनावारी शिक्षा तथा सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
११. महिला, अपाङ्गता, आदिवासी जनजाती, बालबालिका लगायतका मानव अधिकारका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्र संघ तथा अन्तराष्ट्रिय घोषणालाई स्थानीयकरण गरी सोका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
१२. एकल महिला तथा पुरुषलाई जीविकोपार्जनका लागि राहत कार्यक्रम सञ्चालन गरिनेछ ।
१३. असहायअपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभूति दिलाइनेछ ।
१४. ज्येष्ठ नागरिक बिश्राम स्थल निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
१५. बालमैत्री स्थानीय तह घोषणाका लागि वडा छनोट गरी सूचक बमोजिम कार्य सञ्चालन गरिनेछ।

१६. पालनपोषण तथा शिक्षा दिक्षाका लागि विभिन्न संस्थामा सिफारिस गरी पठाइएका बालबालिकाहरुको वर्तमान अवस्थाको अनुगमन गरिनेछ।
१७. कर्मचारी तथा आम नागरिकहरुको मनोसामाजिक समस्या पहिचान, उपचार तथा परामर्श सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
१८. गाउँपालिकामा लक्षित वर्गहरुको सञ्जाल गठन सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ ।

**च) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शाखातर्फः**

१. सामाजिक सुरक्षा भत्ता वितरणका लागि यातायात तथा अन्य आवश्यक खर्च व्यवस्थापन गरिनेछ ।
२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुमा राष्ट्रिय परिचयपत्र अनिवार्य गराउने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
३. ३५ दिनभित्र घटना दर्ता गर्ने कार्यलाई अनिवार्य बनाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

## ४) भौतिक पूर्वाधार विकासतर्फः

१. क्यु बस सञ्चालन हुने मुख्य सडकहरुको स्तरोन्नतीलाई प्राथमिकता दिइनेछ ।
२. आवत जावतमा कष्टकर र जोखिमपूर्ण यात्रा गर्नुपर्ने स्थानहरुको पहिचान गरी आवश्यकता एवं प्राथमिकताको आधारमा काठ तथा झोलुङ्गे पुलको निर्माण गरिनेछ ।
३. जुगल गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको १० बेड अस्पताल, जुगल भ्यू पोइन्ट तथा सांस्कृतिक केन्द्र, मञ्जु श्री पार्क र जुगल मिनि रंगशालाको निर्माण कार्यलाई सम्पन्न गरिनेछ ।
४. धार्मिक एवं सांस्कृतिक धरोहरा, आस्था र विश्वासको केन्द्रको रुपमा रहेका मठमन्दिर, गुम्बा, चर्च, ॐ शान्ति भवन आदिको निर्माण तथा मर्मत संभारलाई जोड दिइनेछ ।
५. एकीकृत र सामूहिक खानेपानी तथा सिँचाई पूर्वाधार निर्माणलाई जोड दिइनेछ ।
६. सरकारी एवं सामूदायिक भवनहरुको निर्माण, सञ्चालन र व्यवस्थापन तर्फ ध्यान दिइनेछ ।
७. वडा नं ५ बराम्चीमा अवस्थित दोमोडपोखरी र वडा नं २ मा रहेको भिमसेन मन्दिरलाई DPR बमोजिम स्तरोन्नती गरिनेछ ।
८. ५ नं वडा कार्यालयको नयाँ भवन निर्माण गरिनेछ ।

९. नागरिकहरुले सहजरुपमा हिंडडुल गर्ने सिंढीं तथा गोरेटो बाटोहरुको स्तरोन्नती गरिनेछ ।ढल निकास तथा नाला निर्माण तर्फ उचित ध्यान दिइनेछ ।

१०. जुगल ग्रामिण आँखा केन्द्र भवन निर्माणको कार्यलाई समयमै सम्पन्न गराइने छ ।

११. गाउँपालिका भवनमा पार्किङ, खुल्ला क्षेत्र, घेरावार, गेट, बाटो लगाएतका आवश्यक थप कार्यहरु गरिनेछ ।

१२. दुरदराजमा छरिएर रहेका अति विकट वस्तीहरुलाई स्थानान्तरण गरी सुविधा सम्पन्न स्थानमा राख्ने बन्दोबस्त मिलाइनेछ ।

## ५) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः

१. दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्ने कार्यक्रम ल्याइने छ ।

२. वन जंगलमा लाग्ने डढेलो तथा आगलागी रोकथाम र नियन्त्रणको लागि उचित व्यवस्था मिलाइनेछ ।

३. बाढी र पहिरोको जोखिममा रहेका बस्तीहरुलाई स्थानान्तरण एवं पुनर्स्थापना गरिनेछ । जोखिक न्यूनीकरणको दृष्टिकोणले संरक्षण गर्नुपर्ने बस्ती तथा घरहरुलाई संरक्षण गर्ने प्रबन्ध मिलाइनेछ ।

४. वन तथा वातावरण संरक्षणलाई जोड दिइनेछ ।

५. विपद् व्यवस्थापन प्रतिकार्य योजना, आपतकालिन संञ्चालन केन्द्र निर्माण (LEOC) विपद्को समयमा खोजी, उद्धार, राहत तथा समाग्री वितरणको कार्यलाई प्रभावकारी बनाइनेछ ।

६. विपदको समयमा आवश्यक पर्ने खुल्ला क्षेत्रहरुको पहिचान गरिनेछ ।

७. वडा तथा गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ ।

८. लिदि, सानुनाम्फा, सेलाङ, कात्तिके, ढङ्यान, चनौटे आदि स्थानका विपद लाभग्राहिहरुको स्थानान्तरण एवं पुनस्थापनाको कार्यलाई समयमै सम्पन्न गराइनेछ ।

९. आगलागीबाट हुने घटनाहरुलाई न्यूनीकरण गर्न मूख्य वस्तीहरुमा Fire Extinguisher राख्ने व्यवस्था मिलाइनेछ ।

## ६) न्यायिक तर्फः

१.आम जुगलबासी सबैमा छिटो, छरितो, पहुचयोग्य र प्रभावकारी न्याय सेवा प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

२.कानुनी साक्षरता अभियान सन्चालन गरी अधारभूत कानुन बारे आम नागरीकलाई सचेत

पारिने छ ।

३.असहाय, असक्त र अन्यामा परेकालाई नि शुल्क कानुनी परामर्श सेवा प्रदान गरिने छ । वडा स्तरमा सन्चालनमा रहेको मेलिमिलाप केन्द्रहरुलाई थप व्यवस्थीत बनाई मेलमिलापकर्तालाई प्रोत्साहन हुने कार्यक्रम सन्चालन गरिने छ ।

४.न्यायिक समितिको अभिलेख प्रणालीलाई डिजिटलाइज गर्ने प्रक्रियालई पूर्ण रुपमा कार्यान्वयन गरी बहु सरोकारवाला र ठुला विवाद समधानको लागि संवादको विधि अवलम्बन गरिने छ ।

५.बाल विवाह, लैगिक हिंसा लगायत सामाजिक विकृति विरुद्ध सचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।

अन्तमा राजनीतिक दल, निर्वाचित जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी, किसान, मजदुर, ब्यवसायी लक्षित वर्ग लगायत सम्पूर्ण जुगलका दाजुभाइ तथा दिदीबहिनीहरु र जुगलको समृद्धिको लक्ष हासिल गर्न निरन्तर सहयोग पुर्याउँदै आउनुभएका सबै जुगलबासीमा हार्दिक धन्यबाद ब्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भइरहने विश्वास समेत ब्यक्त गर्दछु । धन्यवाद ।।